प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १७७ ॥ २०८१ श्रावण २४ गते बिहिबार (8th Aug 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

## १५ दिनमै अर्को हवाई दुर्घटना
# हेलिकप्टरमा सवार पाँचै जनाको मृत्यु



झापा(प्रस) । नुवाकोटको पूर्वी भेगमा रहेको सूर्यचौरमा बुधबार यात्रु बोकेको हेलिकप्टर दुर्घटनाग्रस्त भएको छ। काठमाडौंबाट उडेको एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा क्याप्टेनसहित पाँच जनाको मृत्यु भएको छ। शिवपुरी गाउँपालिका-७ सूर्यचौरमा नाइनएन-एजेडी कलसाइनको एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा त्यसका चालक अरुण मल्लसहित चार चिनियाँ नागरिकको ज्यान गएको हो। हेलिकप्टर काठमाडौं अन्तर ाष्ट्रिय विमानस्थलबाट रसुवाको स्याफ्रुवेशी जाने क्रममा रहेको थियो।

समुन्द्री सतहदेखि दुई हजार मिटरको उचाइमा रहेको सो स्थानमा दिउँसो सवा दुई बजे एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना भएको थियो। हेलिकप्टर र यात्रुका शरीर पूरै जलेको अवस्थामा फेला पारिएको घटनास्थल पुगेका शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्दप्रसाद थपलियाले जानकारी दिए।

हेलिकप्टर र यात्रुका शरीर चारैतिर छरिएको अवस्थामा फेला पारिएको थियो। 'शव डढेर गन्ध आएको छ, हेलिकप्टरको पनि सानो टुक्रामात्रै नजलेको अवस्थामा पाइयो,' अध्यक्ष थपलियाले भने।

कनक्लो जंगलमा ढलपल ढलपल गर्दै रुखका वुट्यान छुँदै हेलिकप्टर आगो लागेर दुर्घटनाग्रस्त भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । उचाईमा रहेको सो स्थानमा कुहिरो लागेको थियो। घटनास्थल नुवाकोटको सदरमुकाम विदुरबाट ५२ किलोमिटर उत्तरपूर्वी भेगमा पर्छ। सूर्यचौर नुवाकोट, रसुवालगायत पश्चिमी भेगमा जाने र आउने क्रममा हेलिकप्टरहरूको काठमाडौंबाट बाहिरिने र प्रवेश गर्ने सुरक्षित विन्दुका रूपमा रहँदै आएको स्थान हो।

उक्त हेलिकप्टर क्याप्टेन अरुण मल्लले उडाएका थिए भने ४ चिनियाँ पर्यटक स्याफ्रुबेंसी लगिँदै थियो । एयर डाइनेस्टीको ४ चिनियाँ पर्यटक छाडेर फेरी विदेशी नागरिक ल्याउने तालिका बनाएको थियो । दुर्घटनाको कारणबारे पत्ता लागेको छैन । उक्त उडान हुँदा भिजिविलिटी ५ किलोमिटर तथा सामान्य रहेको थियो ।घटनाको खबर आउनेवित्तिकै खोजीमा अर्को हेलिकप्टर पठाइएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रभु एयरको हेलिकप्टर परिचालन गरिएको थियो ।

एयर डाइनेस्टी हेलिकप्टर दुर्घटनाका शव काठमाडौंमा लगिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार मृत्यु हुने पाइलट मल्ल र चिनियाँ नागरिकहरू जुताड ताङ, ताइ ली, यीयाम वु र जेमिङ जीको शव परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौं लगिएको छ ।

यसैबीच हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन भएको छ । बुधबार बसेको मन्त्रिपरिषद् आकस्मिक बैठकले नेपाली सेनाका बरिष्ठ पाइलट सुवास थापाको नेतृत्वमा तीन सदस्यीय आयोग गठन गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

आयोगमा एरोनोटिकल इन्जिनियर विष्णु बस्नेत र तनुजा पोखरेल सदस्य छन् । आयोगलाई काम सुरु भएको मितिले ३० दिनभित्र प्रतिवेदन पेस गर्न समयावधि तोकिएको छ ।एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका चिनियाँ पर्यटकहरू तीन दिनअघि मात्रै नेपाल आएको पाइएको छ। साउन २१ गते सोमबार विहान ९ बजे उनीहरू स्थलमार्ग हुँदै नेपाल प्रवेश गरेका थिए।

चारै जना चिनियाँ पर्यटक रसुवाको केरुङ नाका हुँदै नेपाल प्रवेश गरेका थिए। बहुप्रवेशी भिसामा नेपाल आएका उनीहरूले तेस्रो दिनमै ज्यान गुमएका हुन्।

दुर्घटनामा चिनियाँ पर्यटक ३८ वर्षीय जुताओ ताङ, ३६ वर्षीय जी ली, ४१ वर्षीय जेमिङ सी र ३१ वर्षीया महिला वु यीयाओले ज्यान गुमाएका हुन्। मृतकमध्ये तीन पुरुष सिचुवान प्रान्तका हुन् भने महिला ग्वान्झाउकी हुन्।

सौर्य एयरलायन्स दुर्घटनाको १५ दिन नबित्दै अर्को हवाई दुर्घटना भएको हो । गत साउन ९ गते पोखराका लागि उडेको सौर्य एयरलायन्सको विमान दुर्घटनामा १८ जनाले ज्यान गुमाएका थिए। त्यसको केही दिनपछि बुधबार हेलिकोप्टर दुर्घटनामा थप ५ जनाले ज्यान गुमाएका छन्।

सौर्य एयरलायन्सको विमान उडेको केही सेकेन्डमै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्रै दुर्घटना भएको थियो। एयर डाइनेस्टीको हेलिकोप्टर पनि उडेको तीन मिनेटमै दुर्घटना भएको हो।

सौर्य एयरलायन्सको विमान दुर्घटनामा एकमात्र जीवित पाइलट मनिष शाक्य उपचारपछि घर फर्किसकेका छन्। एयर

❖ बाँकी अन्तिम पृष्ठमा

## पहाडी जिल्लामा उच्च सुरक्षा सतर्कता



झापा(प्रस) । कोशी प्रदेशका विभिन्न पहाडी जिल्ला जोड्ने नाका तथा संवेदनशील स्थानमा उच्च सुरक्षा सतर्कता अपनाउने निर्णय भएको छ । कोशी प्रदेशका तीन जिल्लाको संयुक्त सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको हो ।

धनकुटाको पाख्रीबासस्थित संसारी सिमसारस्थानमा बुधवार बसेको धनकुटा, भोजपुर र संखुवासभाको संयुक्त सुरक्षा समितिको बैठकले राजमार्गबाट विभिन्न जिल्ला नाका तथा संवेदनशील ठहऱ्याएका स्थानमा सुरक्षा सतर्कता बढाउने निर्णय भएको हो ।पछिल्लो समय ती स्थानबाट लागूऔषध ओसारपसार तथा

❖ बाँकी अन्तिम पृष्ठमा

## लुटिएको स्कुटर टिक बगानमा भेटियो

झापा(प्रस) । झापाको हल्दिबारीमा साउन ७ गते चालकलाई बेहोस बनाएर लुटिएको स्कुटर बेवारिसे अवस्थामा भेटिएको छ । भेलागुडी जंगलबाट लुटेर लगिएको स्कुटर १५ दिनपछि भेटिएको प्रहरीले जनाएको छ । हल्दिबारी-३ को वडा कार्यालयपूर्व स्थानीय देवेन्द्र कन्दङ्वाको घरपश्चिम टिक बगानमा स्कुटर भेटिएको हो ।

जिल्ला प्रशासन कार्यालय भद्रपुरमा भेट भएका विनोद राजवंशी बताउने व्यक्तिले मेचीनगर-५ का २२ वर्षीय पुजन श्रेष्ठले अन्जना भण्डारी श्रेष्ठको नाममा रहेको प्रदेश १-०१-०१५ प-३४४८ नम्बरको स्कुटर भेलागुडी जंगलमा लुटेर लगेको भन्दै पीडितले प्रहरीमा जाहेरी दिएका थिए ।

जलथल प्रहरी चौकीले स्कुटरको स्थलगत सर्जमिन गरेर स्कुटर जिल्ला प्रहरी कार्यालय झापा पठाएको जनाएको छ । स्कुटरको नम्बर प्लेट परिवर्तन गरेर चलाएको र उनीहरुको समेत पहिचान गरिएको प्रहरीले जनाएको छ ।



बुबाको नागरिकताको प्रतिलिपि बनाउन जिल्ला प्रशासन कार्यालय गएका श्रेष्ठसँग ती व्यक्तिको त्यहीँ चिनजान भएको थियो । आफू पनि नागरिकताको प्रतिलिपि बनाउन आएको उनले श्रेष्ठलाई बताएका थिए ।

अपरान्ह ४ बजेतिर आफ्नो घरनजिकै रहेको र घर जाने काम पऱ्यो भनेर ती व्यक्तिले श्रेष्ठसँग लिफ्ट मागेका थिए । श्रेष्ठसँग चाबी मागेर आफैं स्कुटर कुदाएका उनले भेलागुडी जंगलमा आफ्ना दुईजना साथी बोलाएर लछारपछार गर्दै कुटपिट गर्नुका साथै अनुहारमा स्प्रे छर्केर बेहोस बनाएका थिए ।

## करेन्ट लागेर बालकको मृत्यु

झापा(प्रस) । मोरङको जहदा गाउँपालिका-५ मा करेन्ट लागेर एक जना बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा देवानन्द महतोका १५ बर्षीय छोरा भरत महतो रहेका छन् । मंगलवार साँझ मल्टिप्लकमा तार जोड्ने क्रममा अचानक करेन्ट लाग्दा घाईते भएका उनलाई उपचारको लागि गोल्डेन अस्पताल बिराटनगर लगिएकोमा अस्पताल पुऱ्याउनासाथ मृत्यु भएको थियो । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# दुर्गा प्रसाईको व्यानर प्रहरीले हटायो

बिर्तामोड(प्रस) । एनआइसी एसिया बैंकले लिलामी गरेको बिर्तामोडको एक घरमा दुर्गा प्रसाई नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानले टांगेको व्यानर प्रहरीले हटाएको छ ।




महाअभियानले घर कब्जा गरेको भन्दै मंगलवार त्यहाँ व्यानर टांगेको थियो । बुधवार बिहान प्रहरीले लिलामीको घरमा राखिएको व्यानर झिकेर लगेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

बिर्तामोड ५ स्थित शाक्य मेडिकलको सय मिटर उत्तरमा रहेको गिरीधारी पोद्धारको घर एनआइसी एसिया बैंकले लिलामी गरेको थियो । ३३ धुर जग्गामा बनेको अढाई तले घर बैंकमा राखेर पोद्धारले ८ करोड २५ लाख रुपैयाँ ऋण लिएका थिए । सो ऋण नतिरेपछि भर्खरै बैंकले लिलामी गरेको हो ।

अभियानका ऋण एसोसिएसन केन्द्रीय सचिवालयका संयोजक देवीप्रसाद संग्रौलाको अगुवाईमा गएको समूहले नारा जुलुससहित पोद्धारको घरमा अभियानको व्यानर टांगेको थियो ।

## कार्कीको स्टोर रुममा अजिंगर भेटियो



झापा(प्रस) । झापाको बिर्तामोड नगरपालिका वडा नं. ७ डाँडागाउँमा अजिङ्गर फेला परेको छ ।

स्थानीय रत्न कार्कीको स्टोर रुममा अजिंगर भेटिएको हो । अस्थायी प्रहरी चौकी गरामनी र डिभिजन वन कार्यालय चन्द्रगढीको टोलीले उद्धार गरी अन्दाजी १० केजी तौल र करिव २ मिटर लम्बाईको सो अजिङ्गरलाई सुन्दर निचाझोडा सिमसारमा लगेर छोडिएको डिभिजन वन कार्यालयकी सूचना अधिकारी अन्जना पुरीले जानकारी दिइन् ।

यसअघि साउन २ गते भद्रपुर नगरपालिका वडा न. ९ सिम्रिभिट्टा बस्ने प्रकाश जनक शाहीको गाईगोठमा अजिङ्गर सर्प भेटिएको थियो । योसहित यस आर्थिक वर्षमा झापामा दुईवटा अजिङ्गगर फेला परिसकेको छ । गत आर्थिक वर्षमा १८ वटा अजिङ्गर फेला परेको वन कार्यालयले जनाएको छ ।

# मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु



झापा(प्रस) । पाँच दिनअघि झापाको कन्काई नगरपालिकामा मोटरसाइकलको ठक्करबाट घाइते भएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।

इलाम घर भई कन्काई- १ मा बस्दै आएकी अन्दाजी ४१ वर्षीया उमादेवी चापागाँईको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचारका क्रममा मंगलवार दिउँसो ३.३५ बजे मृत्यु भएको हो । उनलाई साउन १७ गते बिहान ९.४० बजे कन्काई- १ जुके कल्भर्टस्थित पूर्व-पश्चिम राजमार्गमा दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको को ३८ प ५३६८ नं को मोटरसाइकलले ठक्कर दिएको थियो ।

घाइतेलाई उपचारका लागि बिर्तासिटी अस्पताल ल्याइएको थियो । दुर्घटनापछि मोटरसाइकल चालक मोरङ पथरीशनिश्चरे-४ बस्ने अन्दाजी ४० वर्षीय दुर्गाप्रसाद श्रेष्ठलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको डीएसपी प्रकाश विष्टले बताए । मोटरसाइकल भने इलाका प्रहरी कार्यालय सुरुङ्गाको नियन्त्रणमा रहेको छ ।

# ट्र्याक्टरमा मोटरसाइकल ठोक्किएर एकजनाको मृत्यु

झापा(प्रस) । मोरङको धनपालथानमा सडकमा रोकेर राखेको ट्र्याक्टरमा भारतीय नम्बर प्लेटको मोटरसाइकल ठोक्किएर मंगलबार साँझ दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। विराटनगर-रंगेली सडकखण्डअन्तर्गत धनपालथान गाउँपालिका-६ गदिया पुलनजिक सडकमा रोकेर राखिएको प्रदेश १-०२-००३ त १२५५ नम्बरको ट्र्याक्टरमा पछाडिबाट बीआर ११ एच ७६६८ नम्बरको मोटरसाइकल साँझ ७:४५ बजेतिर ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक धनपालथान-७ का ४० वर्षीय विनोद बहरदारको मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर अवस्थाका बहरदारलाई उपचारका लागि विराटनगरको गोल्डेन अस्पताल लगिएको थियो । उपचारका क्रममा राति नै उनको मृत्यु भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए ।




# युनुसले अन्तरिम सरकारको शपथ लिँदै



झापा(प्रस) । बंगलादेशको ढाका न्यायाधीकरणले अन्तरिम सरकारको नेतृत्वका लागि प्रस्तावित नोबेल पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुस र ग्रामीण टेलिकमका तीन उच्च अधिकारीलाई श्रम कानुन उल्लंघनको मुद्दाबाट सफाइ दिएको छ ।

श्रम पुनरावेदन न्यायाधीकरणका अध्यक्ष (इन्चार्ज) एमए अवलले मुद्दाबाट सफाइ पाएको फैसला सुनाएको युनुसका वकिल खाजा तनवीर अहमदले डेली स्टारलाई बताएका छन् ।

जनवरी १ मा ढाकाको श्रम अदालत-३ ले ग्रामीण टेलिकमका अध्यक्षसमेत रहेका प्रोफेसर युनुस र निर्देशक अशरफुल हसन, एम शाहजहान र नुरजहाँ बेगमलाई श्रम कानुन उल्लंघन गरेको आरोपमा ६-६ महिनाको जेल सजाय सुनाएको थियो । जनवरी २८ मा प्राध्यापक युनुस र उनका सहकर्मीहरूले श्रम अदालतको सजायविरुद्ध श्रम पुनरावेदन न्यायाधीकरणमा पुनरावेदन दायर गरेका थिए । सेप्टेम्बर ९, २०२१ मा, श्रम निरीक्षक (जनरल) एसएम अरिफज्जमानले चारैजनाविरुद्ध ढाकाको श्रम अदालत-३ मा मुद्दा दायर गरेका थिए। अदालतले गत वर्षको जुन ६ मा मुद्दा दायर गरेको थियो । बंगलादेशका सेना प्रमुख जनरल वकेर-उज-जमानले नोबेल पुरस्कार विजेता प्राध्यापक मोहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले बिहीवार सपथ लिने बताएका छन् । बुधबार दिउँसो पत्रकार सम्मेलन गर्दै जनरल वाकरले अन्तरिम सरकारले बिहीवार साँझ ८ बजे सपथ ग्रहण गर्ने सम्भावना रहेको बताए । उनले सल्लाहकार समितिमा १५ सदस्यीय हुन सक्ने पनि बताए ।

# वाणिज्य संघलाई पानी प्रशोधन गर्ने मेसिन प्रदान



बिर्तामोड(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघलाई निलकण्ठ ट्रेड एण्ड सप्लायर्स (एनके) ले पानी प्रशोधन गर्ने मेसिन प्रदान गरेको छ ।

भारतीय ब्राण्ड प्युरोसिसको नेपालका लागि आधिकारिक बिक्रेताको रुपमा रहेको एनकेले सोही ब्राण्डको पानी प्रशोधन गर्ने एक थान मेसिन प्रदान गरेको हो । बिर्तामोडस्थित संघको कार्यालयमा आयोजित कार्यक्रमका बीच संघका अध्यक्ष राजु न्यौपानेलाई पानी प्रशोधन गर्ने मेसिन प्रदान गरिएको थियो ।

एनकेका प्रतिनिधि कञ्चना पोखरेल र मञ्जुश्री संग्रौला गिरीले संघका अध्यक्ष न्यौपानेलगायत संघका पदाधिकारीलाई मेसिन हस्तान्तरण गरेका थिए ।मेसिनको बजार मूल्य झण्डै ४० हजार रुपैयाँ रहेको बताइएको छ ।कार्यक्रममा एनके प्रतिनिध पोखरेलले मेसिनका विशेषताका बारेमा जानकारी गराएकी थिइन् भने संघका अध्यक्ष न्यौपानेले धन्यवाद दिएका थिए । कार्यक्रमको सञ्चालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# भारतले जित्यो काभा महिला भलिबलको उपाधि

झापा(प्रस) । काभा वुमन्स नेसन्स लिग भलिबलको उपाधि भारतले जितेको छ। फाइनलमा आयोजक नेपाललाई स्तब्ध पार्दै भारतले उपाधि जितेको हो। भारतले पुनरागमन गरेको थियो। तर, नेपालले चौथो सेट पनि गुमाएको थियो। पाँचौं सेटमा नेपाल भारतसँग ५-१५ पराजित भएको थियो।



नेपाललाई ३-२ सेटले जितेको हो।त्रिपुरेश्वरस्थित कभर्डहलमा भएको फाइनल खेलमा नेपालले पहिलो सेट जित्दै अग्रता लिएको थियो। दोस्रो सेट भारतले जित्दा तेस्रो सेट जित्दै नेपालले यसअघि नेपालले पहिलो सेट २५-२३ र तेस्रो सेट २५-२२ ले जितेको थियो। भारतले भने दोस्रो सेट १४-२५, चौथो सेट २५-२१ र पाँचौं सेट १५-५ ले जितेको हो।

# बुद्ध एयरको जहाजभित्रै नाबालकको मृत्यु



झापा(प्रस) । विराटनगर विमानस्थलबाट यात्रु लिएर काठमाडौंका लागि उडेको बुद्ध एयरको जहाजभित्रै सिकिस्त भएका नाबालकको मृत्यु भएको छ । उदयपुरको त्रियुगा नगरपालिका-३ मोतीगडाका ताराकिरण राईका ५ वर्षीय छोरा संयोगहाङ राईको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यूफोर ७१० कलसाइन भएको जहाज विराटनगरबाट ५७ जना यात्रु लिएर बुधबार दिउँसो १२: २४ बजेतिर काठमाडौंका लागि उडेको थियो । जहाज उडिरहेका बेला नाबालकलाई अचानक श्वासप्रश्वासमा समस्या भएपछि फर्काएर विराटनगर नै ल्याइएको बुद्ध एयर विराटनगरका स्टेसन मेनेजर कौशल भण्डारीले बताए । फर्काइएको जहाज १२:५९ बजेतिर विराटनगरमा ल्यान्ड गरेको थियो । 'श्वासप्रश्वासमा समस्या भएर बच्चा सिकिस्त भएपछि बीचैबाट जहाजलाई फर्काएर विराटनगर ल्यान्ड गराइयो । तत्काल एम्बुलेन्समा राखेर उपचारका लागि अस्पताल पठाइयो,'उनले भने, 'जहाजबाट निकाल्दा बच्चाको अवस्था सामान्य थियो । श्वासप्रश्वास चलिरहेको थियो ।'

बच्चालाई आकस्मिक समस्या परेपछि यात्रुसहित जहाज विराटनगर नै फर्काउनु परेको भण्डारीको भनाइ छ । उनका अनुसार जहाजमा चढ्ने बेलामा पनि बच्चाको अवस्था सामान्य नै थियो । जहाजले उचाइ लिने क्रममा अक्सिजनको कमी भएर बच्चालाई श्वासप्रश्वासमा समस्या भएको हुनसक्ने भण्डारीले बताए । उनले जहाजलाई कहाँबाट फर्काइयो भन्ने यकिन नभएको बताए । बच्चालाई बाहिर निकालिसकेपछि भने जहाज यात्रु लिएर काठमाडौं गएको जानकारी भण्डारीले दिए । नाबालकलाई जहाजबाट बाहिर निकालेर उपचारका लागि विराट नर्सिङ होम लगिएको थियो । अस्पताल पुऱ्याउनसाथ दिउँसो १:३५ बजेतिर चिकित्सकले मृत घोषित गरेका थिए ।

# लागूऔषधसहित दुई युवायुवती पक्राउ

झापा(प्रस) । लागूऔषधसहित बिर्तामोडका दुई युवायुवती पक्राउ परेका छन् ।



मंगलवार साँझ ६.३० बजे कन्काई नगरपालिका वडा नम्बर ३ सेल्फिडाँडा जाने भित्री सडकखण्डमा इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नम्बर २ बस्ने २३ वर्षीय भुपेन्द्रसिंह राजवंशी र वडा नं १ बस्ने १९ वर्षीया आशिका नेम्वाङ लिम्बूलाई ब्राउनसुगरसहित पक्राउ गरेको हो । चेकजाँचका क्रममा आशिका नेम्वाङ लिम्बूको साथबाट प्लाष्टिकसहित २ ग्राम ४० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुबै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




## पहाडी...

अवाञ्छित गतिविधिमा सम्लग्न समूह वा व्यक्तिको आवतजावत बढेको भन्दै नाकामा सुरक्षा कडाइ पारिने भएको बैठकपछि जानकारी दिइएको हो । धनकुटाका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलका अनुसार गाँजा लगायत लागूऔषधको ओसारपसारमा समेत ती नाका प्रयोग हुनेक्रम बढेको भन्दै सुरक्षा व्यवस्था कडाइ पारिने भएको छ ।

'जिल्ला जोड्ने स्थानलाई प्राथमिकतामा राखेर सुरक्षा प्रबन्धमा कडाइ गरिने बैठकबाट निर्णय गरिएको छ', उनले भने, 'सडक सञ्जाललले जोड्ने नाका तथा नदी घाटस्थलमा सीसी क्यामेरा जडान गरिने छ ।' यसैगरी, विभिन्न जातीय समूहबाट हुन सक्ने द्वन्द्वको अनुमान गरेर त्यसतर्फ पनि सुरक्षा प्रबन्ध मजबूत पारिने जनाईएको छ ।

वर्तमान अवस्थामा जटिलता नभएपनि जातीय समुहबाट हुनसक्ने द्वन्द्वको अनुमान गरेर त्यसतर्फ सतर्कता अपनाइने पौडेलले जनाए । संकास्पद व्यक्ति वा समुह उपर जिल्लागत समन्वय गरिने भएको छ । बढ्दो गाँजा उत्पादन नियन्त्रणमा अधिकतम प्रयास भइरहेको भन्दै उनले तालुक निकायसंग समन्वय गरेर गाँजा निरुत्साहित गर्न अघि बढ्ने बताए । 'लागूऔषधको उत्पादन, ओसार पसार र दुर्व्यवसनलाई तीनै जिल्लाको तहबाट सुरक्षा गम्भीरता बढाइने छ', उनले भने, 'सुचना सम्प्रेषणमा जिल्लागत समन्वय प्रभावकारी बनाइने छ ।' गाँजा उत्पादन तथा प्रशोधन उच्च रुपमा बढ्दै गएको बैठकको निष्कर्ष छ । तर, गाँजा नियन्त्रणमा कडाइ गर्दा राजनीतिक रुपमा दवाव आउने गरेको एक सहभागी अधिकारीले बताए ।

# मेची रंगशालामा बृक्षरोपण

झापा(प्रस) । झापा भद्रपुरमा रहेको मेची रंगशाला परिसरमा बृक्षरोपण गरिएको छ । भद्रपुर झापा गोल्डकप र भद्रपुर वडा नम्बर ८ को संयुक्त आयोजनामा बृक्षरोपण गरिएको हो । पछिल्लो समय वडा अध्यक्ष मनोज सुब्बाले आफ्नो वडामा बृक्षरोपणलाई तीव्रता दिँदै हरित वडा बनाउने लक्ष्य लिएका छन् । वडा नम्बर ८ मा पर्ने रंगशालामा बुधवार एक कार्यक्रमका



बीच विभिन्न प्रजातिका बिरुवा रोपिएको गोल्डकपका अध्यक्ष दिपेश ढकालले बताए । बृक्षरोपण कार्यक्रममा झापाका प्रहरी उपरीक्षक मिलन केसी, सशस्त्र प्रहरी बल २ नम्बर गणका प्रहरी उपरीक्षक कविन्द्र राई, डीएसपी कृष्णकुमार चन्द, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारीलगायत गोल्डकपका पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको महासचिव जीवनकुमार श्रेष्ठले बताए ।

## १५ दिनमै..

डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा भने क्याप्टेन अरुण मल्लले पनि ज्यान गुमाए। सौर्य एयरको दुर्घटनापछि बनेको समितिले छानबिन गरिरहेको छ।

पछिल्लो समयमा नेपाली आकाश असुरक्षित बन्दै गएको भन्दै अन्तर्राष्ट्रिय जगतमै आलोचना भइरहेको छ। हवाई दुर्घटनाको विषयलाई लिएर संसदमा समेत प्रश्न उठिरहेको छ। नियामक निकाय नागरिक उड्डयन प्राधिकरणले प्रभावकारी ढंगले काम नगर्दा हवाई दुर्घटना बढेको संसदमा प्रश्न उठेको छ।

२०७९ माघ १ गते यती एयरलायन्सको विमान पोखरा विमानस्थलनजिकै दुर्घटना भएको थियो। उक्त दुर्घटनामा ७२ जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा ५३ नेपाली, ५ भारतीय, ४ रुसी, २ कोरियाली, एक/एकजना अर्जेन्टिनी, अस्ट्रेलियाली, आइरिसेली र फ्रान्सेली नागरिकले ज्यान गुमाएका थिए।




**श्री महेन्द्र रत्न माध्यमिक विद्यालय**
बिर्तामोड ३, झापा

**कोटेशन आह्वान सम्बन्धी सूचना**

यस विद्यालयको नयाँ भवनको प्राङ्गणमा Interlocking Concrete Block ओछ्याउनको लागि निम्नानुसारको नाप तथा एकार्यका लागि सम्बन्धीत फर्म लार्य सूचना प्रकाशित भएको मितिले १० दिन भित्र आफ्नो दररेट बुझाउन सूचना जारी गरिएको छ ।

| SN | Discription | Unit | Length (m) | Width (m) | Height (m) | Quantity |
|---|---|---|---|---|---|---|
| 1 | Site Clearance | ls | | | | 1 |
| 2 | Earthwork for filling | m3 | 21.95 | 6.71 | 0.15 | 22.07 |
| | | | 79.25 | 3.66 | 0.15 | 43.48 |
| | | | 9.14 | 3.66 | 0.4 | 13.38 |
| | | | | | **Total** | **78.93** |
| 3 | Subbase work with proper rolling ( 50mm thick stone dust crusher mix) | m3 | 21.95 | 6.71 | 0.05 | 7.36 |
| | | | 79.25 | 3.66 | 0.05 | 14.49 |
| | | | | | **Total** | **21.85** |
| 4 | Laying 60 mm interlocking concrete block | m2 | 21.95 | 6.71 | | 147.16 |
| | | | 79.25 | 3.66 | | 289.86 |
| | | | | | **Total** | **437.02** |
| 5 | Side Plum concrete Wall ( M 15) | m3 | 190.20 | 0.2 | 0.3 | 11.41 |
| 6 | Sand for covering | m3 | | | | 3.00 |

**आवश्यक कागजातः**
१. फार्म दर्ताको प्रमाणपत्र
२. कर चुक्ता प्रमाणपत्र
३. फर्म नविकरण प्रमाणपत्र
**दररेट बुझाउने स्थानः** श्री महेन्द्र रत्न मा. वि. बिर्तामोड ३, बिर्ताबजार
**समयः** १० देखि ४ बजेसम्म
**अन्तिम मितिः** २०८१/०४/३२ गते सम्म ।
**प्रधानाध्यापक**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हवाई सुरक्षाप्रति गम्भीर चिन्ता

**सौर्य एयरलाइन्सको विमान दुर्घटना भएको दुई हप्ता नपुग्दै बुधवार एयर डाइनेस्टीको ९ एन-एजेडी दर्ता नम्बर रहेको हेलिकप्टर दुर्घटनाग्रस्त भएको छ। हेलिकप्टर दुर्घटनामा परी पाइलट अरुण मल्लसहित चार चिनियाँ नागरिकको मृत्यु भएको छ। मृत्यु हुने चिनियाँ नागरिकहरूमा जुताड ताङ, ताइ ली, यीयाम वु र जेमिङ जी रहेका छन्। मृतक सबैको शव सत्कलनगरी परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको नेपाल नागरिक उड्यन प्राधिकरण, खोज तथा उद्धार समन्वय केन्द्रले विज्ञप्तिमार्फत जनाएको छ। दिउँसो १:५४ बजे भक्तपुरको नलिनचोकबाट रसुवाको स्याफ्रुबेंसीका लागि उडान भरेको हेलिकप्टर उडान भरेको तीन मिनेटपछि सम्पर्कविहीन भएको थियो। दिउँसो २:१४ बजे नुवाकोटको शिवपुरी गाउँपालिका-सूर्यचौर क्षेत्रमा हेलिकप्टर दुर्घटनाग्रस्त भएको थियो। सरकारले एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनाको छानबिन गर्न तीन सदस्यीय दुर्घटना जाँचबुझ आयोग गठन गरेको छ। मन्त्रिपरिषद्को सिंहदरबारमा भएको आकस्मिक बैठकले नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापाको संयोजकत्वमा आयोग गठन गरेको हो। आयोगलाई ३० दिनभित्र प्रतिवेदन पेस गर्न समय दिइएको छ।**

**यसअघि साउन ९ गते सौर्य एयरलाइन्सको सिआरजे ७ (९एन-एएमइ) कलसाइन विमान स्थानीय समयअनुसार बिहान ११ बजेर ११ मिनेटमा पोखराका लागि उड्नेबित्तिकै दुर्घटनाग्रस्त भएको थियो। चालकदलसहित १९ जना सवार उक्त विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा दुर्घटना भएको थियो। उक्त दुर्घटनामा परी १८ जनाको मृत्यु हुनका साथै एक जना घाइते भएका थिए।**

**यसअघि पटक १४ अक्टोबर सन् २०२३ मा मनाङ एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो। सोलुखुम्बुको लुक्लाबाट लोबुचे उडेको 'एन-एनजे'कलसाइन हेलिकप्टर जिल्लाको खुम्बु-पासाङल्हामु गाउँपालिका-४ लोबुचेमा दुर्घटना भएको थियो। प्राधिकरणको हवाई सुरक्षा प्रतिवेदन 'एभिएसन सेफ्टी रिपोर्ट' अनुसार नेपालको हवाई इतिहासमा कूल एक सय १० हवाई दुर्घटनामा नौ सय ६५ जनाको मृत्यु भएको छ। यो हेलिकप्टर र विमान दुवै दुर्घटनाको विवरण हो।**

**नेपालमै पहिलो पटक सन् १९७९ मा लाङ्टाङमा हेलिकप्टर दुर्घटना भएको थियो। लाङ्टाङमा भिभिआइपी हेलिकप्टर दुर्घटना हुँदा छ जनाको मृत्यु भयो। त्यसयता बुधवारको हेलिकप्टर दुर्घटना एक सय १०औँ दुर्घटना हो।**

**बुधवारको हेलिकप्टर दुर्घटनासहित हालसम्म नेपालमा विभिन्न हेलिकप्टर कम्पनीका ४१औँ दुर्घटना हो। ती दुर्घटनामा ९८ जनाको मृत्यु भएको छ। नेपालमा एकपछि अर्को हवाई दुर्घटनाले हवाई सुरक्षाप्रति गम्भीर चिन्ता थपिएको छ। हवाई सुरक्षालाई प्रभावकारी बनाउन थप सक्रियता अपनाउनु पर्ने देखिएको छ। प्राधिकरणको विवरणमा एक सय १० दुर्घटनामध्ये ५१ मल्टिइञ्जिन विमान दुर्घटनामा चार सय ६९, आठ सिङ्गल इञ्जिन विमान दुर्घटनामा २५ र ४१ हेलिकप्टर दुर्घटनामा ९८, विदेशमा दर्ता भएका १० वायुयान दुर्घटनामा तीन सय ७३ को मृत्यु भएको छ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# लगानीका नवीन विधि



• गोपीनाथ मैनाली

नेपालमा विकास भन्नु नै भौतिक पूर्वाधार हो भन्ने बुझिएको छ तर यो विकास नभई विकासको पूर्वसर्त मात्र हो। विकासको प्रारम्भिक चरणमा सबै जसो मुलुकको प्रवृत्ति यस्तै देखिन्छ। तीनै तहका सरकारको बजेट विनियोजनको महत्वपूर्ण अंश पूर्वाधारमा छ। सडक, पुल, सिँचाइ, प्रसारण लाइन, भवन, विमानस्थल क्षेत्रमा जनस्तरबाट अत्यधिक माग छ तर पूर्वाधारको चित्राङ्कन छैन। कुन क्षेत्रमा कति पूर्वाधार आवश्यक हो भन्ने चित्राङ्कनले विकास, वित्त र वातावरणबिच सन्तुलन कायम गर्न सकिन्छ। राजनीतिज्ञ र नीतिनिर्माताहरू भौतिक पूर्वाधार व्यवस्थापनको क्षमता बाहिर देखिएका छन्। त्यसैले पूर्वाधार क्षेत्रले समस्याहरू भोग्दै आएको छ।

भौतिक पूर्वाधारले भोग्दै आएका समस्यामध्ये एउटा लगानी स्रोत हो। सङ्घीय सरकार उच्च बजेट घाटामा छ, सरकारी कोष ऋणात्मक बचत परिचालनमा छ, विनियोजन भएको रकमको खर्च क्षमता र गुणस्तर कमजोर छ। विकसित प्रविधिलाई उपयोग गर्न सकिएको छैन। पूर्वाधार निर्माणमा सुशासन स्तर पनि कमजोर छ। साथै निर्मित पूर्वाधारहरू उपयोग हुन सकेका छैनन्। उपयोग भएका पनि पूर्ण क्षमतामा छैनन्। पूर्वाधारको बहुपक्षीय उपयोग भएको छैन। मर्मतसम्भार अर्को समस्या क्षेत्र हो। सीमित साधनको आदर्श उपयोग, याने कि पैसाको मूल्य पनि प्राप्त छैन। यस अवस्थामा पूर्वाधार संरचना निर्माण तथा व्यवस्थापनमा लगानीका नवीन विधि अभ्यासमा ल्याउन सकिएमा एकातर्फ स्रोतको अभाव पूरा हुने थियो, अर्कातर्फ व्यवस्थापनमा प्रभावकारिता आई उपयोग स्थिति पनि बढ्ने थियो। सरकारी कोषमाथिको दबाब घट्ने थियो र अर्थतन्त्रको गतिशीलता बढ्ने आधार पनि विस्तार हुने थियो।

पूर्वाधारको माग र लगानी व्यवस्थापन गर्नका लागि दर्जनौं नवीन विधि विकास भई अभ्यासमा आएका छन्। कतिपय विधिमा सरकार र आयोजना प्रवर्धकबिच सहकार्य हुने गरेको छ भने कतिपयमा सेवाप्रदायक, सरकार र सेवाग्राहीबिच साझेदारी हुने गरेको छ। कतिपयमा लगानी एक पक्षले, डिजाइन-निर्माण-व्यवस्थापन अर्को पक्षले गरी भूमिका विभाजन हुने गरेको छ। केही ढाँचामा जोखिम विभाजन र प्रतिफलको आश्वस्तता पार्ने काम हुन्छ। अभ्यासमा आएका लगानीका सबै नवीन विधि नेपालको भूगोल, संस्कृति र रणनीतिक दृष्टिमा उपयुक्त नहोलान् तर लगानीका नवीन विधिबाट अछुतो रहन सक्ने अवस्था भने छैन। आर्थिक, सामाजिक रूपान्तरणका लागि व्यापक रूपमा स्तरीय पूर्वाधार संरचना सञ्जाल फिँजाउनै पर्छ। नेपालले यही कुरालाई हृदयङ्गम गरी आठौँ योजनादेखि विकासमा बहुपात्र उपयोग गर्ने उदार आर्थिक नीति लिएको छ। सार्वजनिक-निजी साझेदारी तथा लगानी नीति र ऐन पनि जारी गरेको छ तर नीति वातावरणको लाभ तथा अवसरहरू लिन भने सकिएको छैन।

विश्वका कतिपय मुलुकमा प्रचलनमा रहेको न्यूनतम राजस्व प्रत्याभूति (एमआरजी) व्यवस्थालाई अभ्यासमा ल्याउँदा ठुला पूर्वाधारमा निजी क्षेत्रका उद्यमी लगानी गर्न आश्वस्त हुन्छन्। नेपाल सरकारले एक दशकअघि द्रुतमार्गमा यो विधि अवलम्बन गरेर आयोजना सञ्चालनको पाँच वर्ष निश्चित संख्यामा यातायातका साधन काठमाडौँ नभित्रिएमा त्यसको राजस्व सरकारले तिरिदिने, यदि भनेको भन्दा बढी भित्रिएमा ८० प्रतिशत सरकारको र २० प्रतिशत आयोजना प्रवर्धकको हुने, त्यसपछि २० वर्ष प्रवर्धकले सञ्चालन गर्ने र सो अवधि भुक्तानपछि पूर्ववत् अवस्थामा आयोजना सरकारलाई हस्तान्तरण गर्ने विधि संसद्ले पारित गरेको थियो। यसैअनुरूप निजी प्रवर्धकलाई आयोजना निर्माण गर्न दिने गरी वार्ता भइरहेको थियो तर संसदीय समिति र सम्मानित अदालतले नेपाली पुँजी र विभागीय संरचनाबाट उक्त आयोजना सञ्चालन गर्न निर्देशन दिएपछि आयोजना निर्माण तथा सञ्चालन विधि परम्परागत रूपमा नै हुने व्यवस्था गरियो। अहिले नेपाली सेनाले उक्त आयोजना निर्माण गर्दैछ। एमआरजी अन्तर्गतको साझेदारी ढाँचामा निर्माण सञ्चालन गरिएको थियो भने सरकारले लगानी गर्ने आयोजना लागत करिब २१३ अर्ब रुपियाँ बच्ने थियो। यो विधि सञ्चालनमा आउँदा सरकार, सेवाग्राही सर्वसाधारण र आयोजना प्रवर्धक तीनै पक्ष जित जितको अवस्थामा पुग्छन्। यो विधि सडक, विमानस्थल, सरुङ, नदी डाइभर्सन, जल यातायात, सिँचाइ, पार्क, चलचित्र छायाङ्कन जस्ता क्षेत्रका आयोजनामा अपनाउन सकिन्छ।

अर्को लगानी विधि न्यून सम्भाव्य कोष पूर्ति (भिजिएफ) हो। यसअन्तर्गत सरकारले आयोजना प्रवर्धकलाई आवश्यक केही रकम ऋणस्वरूप उपलब्ध गराई वित्तीय अभाव पूरा गरिदिन्छ। नेपालमा सार्वजनिक निजी साझेदारी कानुनअन्तर्गत न्यून परिपूरण सम्भाव्य कोष स्थापना गरी रकम उपलब्ध गराउने व्यवस्था छ। अवधारणा निकै सीमित मात्र अभ्यासमा छ। यो अवधारणा ऊर्जा, वैकल्पिक ऊर्जा, सडक, विमानस्थल, पार्क, सार्वजनिक आवास जस्ता प्रतिफलदायी आयोजनामा अभ्यास गर्न सकिन्छ। अर्को ढाँचा हाइब्रिड एन्युटीअन्तर्गत निर्माणको चरणमा प्रवर्धकलाई सरकारले किस्ताबन्दीमा सानो अंश उपलब्ध गराउने र ठुलो लागत प्रवर्धकले व्यावसायिक ऋण लिई बेहोर्ने गर्छ। आयोजना सञ्चालनका क्रममा प्रवर्धकले शुल्कमार्फत असुली गरी ऋण फिर्ता गर्छ। ससाना बण्ड जारी गरेर आयोजनाको वित्तीय लगानी आवश्यकता पूरा गर्ने विधि अभ्यासमा ल्याएर सर्वसाधारणलाई आयोजनाको स्वामी, उद्यमीलाई व्यवस्थापक र सरकारलाई संरक्षक बनाउन सकिन्छ। त्यस्तै पछिल्लो समय निकै प्रचारमा रहेको अर्को विधि इन्जिनियरिङ प्रक्युरमेन्ट, कन्स्ट्रक्सन एन्ड फाइनान्सिङ (इपिसिइ) हो। यसबाट प्राविधिक जटिलता भएका ठुला आयोजनालाई वैकल्पिक ढाँचामा लगानी, निर्माण र सञ्चालन गर्न सकिन्छ। लिज व्यवस्थापन, विदेशी लगानीकर्ता र उद्यमीसँग लगानी, प्रविधि र निर्माण सञ्चालनमा साझेदारीबाट पनि नवीन ढाँचामा लगानी गर्न सकिन्छ। साथै ससाना पार्क, बालउद्यान, विकास निर्माणको सौन्दर्यीकरण एवं सञ्चालन, सामुदायिक भवन, खेल मैदान, नदीजन्य रमणीयता र साहसिक खेल उद्यानमा स्थानीय सरकार र स्थानीय समुदायबिच सहउत्पादनको विधि प्रयोगमा ल्याउन सकिन्छ। २०५० सालतिर युनिसेफ, सरकार, नगरपालिका र स्थानीय जनताको साझेदारीमा आधार भूत सहरी सेवा (युबिएस) को अभ्यास केही नगरपालिकामा गरिएको थियो, जुन सफल भयो तर यसले निरन्तरता पाएन। केही अघि नेपाल सरकारले राष्ट्रसंघीय विकास कार्यक्रमसँग सहकार्य गरी सहकारी बजारमार्फत गरिबी निवारण कार्यक्रम सञ्चालनमा ल्याएको थियो तर यसको व्यवस्थापन लागत उच्च देखियो। यसलाई लागत प्रभावी बनाएर परिमार्जनसहित अभ्यासमा ल्याउन सकिन्छ। यी सबै लगानी विधिका लागि अध्ययन, आयोजना विकास र लगानीको विश्वासिलो वातावरण निर्माण गर्ने काममा सरकारको अगुवाइ चाहिन्छ। विश्वासको वातावरण नभएमा उद्यमीहरू लगानी र प्रतिफलमा आश्वस्त हुँदैनन्।

नेपाल आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको गुमेको अवसर प्राप्तिमा सङ्घर्ष गरिरहेको छ। समृद्धि र रूपान्तरणका लागि पूर्वाधार भुल्नै नसकिने आयाम हो तर सरकारको लगानी सामर्थ्य प्रविधि क्षमता साँघुरो भएकाले सरकार आफूबाहिरका पात्रको सम्भावना उपयोग गर्नुपर्ने जबर्जस्त विकल्पमा छ। सुरुका दिनमा सहवित्तकरण, मिश्रित वित्त, प्रविधि साझेदारी र रणनीतिक सहकार्य गरी रूपान्तरणको प्रक्रियालाई निश्चित अवस्थामा पुऱ्याएर सरकार अभिभावकीय भूमिकामा निजी क्षेत्र उत्प्रेरक बन्नु पर्छ। किनकि निजी क्षेत्र विकास र नवप्रवर्तनको इञ्जिन हो। एक पटक लगानी र निर्माणको जग बसिसकेपछि यो स्वचालित दिशामा अगाडि बढ्छ।

नेपालले निर्धारण गरेको 'समृद्ध नेपाल सुखी नेपाली' को दीर्घकालीन अभीष्ट पूरा गर्न व्यापक लगानी चाहिन्छ, इनोभेटिभ फन्डिङको जगमा त्यो सम्भव छ। त्योभन्दा अघि दिगो विकास लक्ष्य पूरा गर्ने अवधि अब थोरै बाँकी छ। दिगो विकास लक्ष्यका गरिबी निवारण (लक्ष्य १), कृषि उत्पादन र खाद्य पोषण सुरक्षा (लक्ष्य २), स्वस्थ तथा सुरक्षित खानेपानी (लक्ष्य ६), आधुनिक ऊर्जा र ऊर्जा दक्षता (लक्ष्य ७), आर्थिक वृद्धि र उत्पादनशील रोजगारी (लक्ष्य ८), असमानता न्यूनीकरण (लक्ष्य १०) लगायतका लक्ष्य पूरा गर्न सुरक्षित पूर्वाधार र औद्योगिक विकास (लक्ष्य ९) अन्तरसम्बन्धित लक्ष्य हो। आर्थिक गतिविधि विस्तार नभएको, बैङ्क तथा वित्तीय संस्थाहरू सुरक्षित लगानीका लागि अनुत्पादक क्षेत्रतर्फ आकर्षित भएको, निजी क्षेत्र लगानीमा लजाएको र सार्वजनिक क्षेत्रको क्षमता कमजोर भएको वर्तमान अवस्थामा लगानीका नवीन विधि विकासका वैकल्पिक रणनीति हुन्। यो रणनीतिको सफलतामा सरकार सामाजिक वस्तुहरूमा लगानी गर्ने र आफू बाहिरका पात्रको गतिविधिमा नियामक र प्रवर्धकको भूमिकामा सीमित रहन सक्ने अवसर पनि सिर्जना हुन्छ।

# निजामतीमा महिला



• तारा वाग्ले



पछिल्लो समय निजामती सेवामा महिलाको सहभागिता बढ्न थालेको छ। संख्यात्मक रूपमा मात्र नभएर नेतृत्व तहमै महिलाको उपस्थिति हुन थालेको छ। निजामती सेवाको इतिहासमै पहिलो पटक मुख्य सचिवमा महिला पुग्नुभएको छ। साउन १० मा बसेको मन्त्रीपरिषद् बैठकले लीलादेवी गड्तौलालाई मुख्य सचिवमा नियुक्त गर्ने निर्णय गरेको हो। पूर्व मुख्य सचिव वैकुण्ठ अर्याल निलम्बनमा परेसँगै लीलादेवी गड्तौलाले निमित्तको जिम्मेवारी पाउनुभएको थियो। २०५२ सालमा न्याय सेवाको शाखा अधिकृतबाट सरकारी सेवामा प्रवेश गर्नुभएकी लीलादेवी सचिव भएको चार वर्षपछि पहिलो महिला मुख्यसचिव भएर इतिहास रच्न सफल हुनुभएको छ। ८३ हजारभन्दा बढी निजामती कर्मचारीको प्रशासनको सर्वोच्च पद नै मुख्यसचिव हो, जुन तहमा पुग्ने सपना प्रायः हरेक कर्मचारीमा हुन्छ। निजामती सेवाको सात दशकको इतिहासमा महिलाले मुख्य सचिवको जिम्मेवारी पाउनुले नेपालको प्रशासनको साखसमेत उच्च भएको छ। लगातार २६ जना पुरुष मुख्य सचिव भएकामा सत्ताइसौँ मुख्य सचिवमा महिलालाई पाएपछि प्रशासनको अन्य तहमा समेत परिवर्तनको खाका कोरिएको छ।

यसैगरी साउन १५ गते सरकारले सञ्चार सचिवमा पहिलो पटक महिलालाई नियुक्त गरेको छ। राधिका अर्याल पहिलो महिला सञ्चार सचिव बन्नुभएको छ। केही महिनाअघि मात्र परराष्ट्र मन्त्रालयको नेतृत्व पहिलो पटक महिला नै भएको थियो। परराष्ट्र मन्त्रालयको सचिवमा सेवा लम्साल नियुक्त हुनुभएको छ। समग्र निजामती प्रशासनको बागडोर यतिखेर नौ जना महिलाले सम्हाल्दै आएका छन्। विभिन्न सेवामा ७४ जना विशिष्ट श्रेणीको दरबन्दीमा पहिलो पटक १२ प्रतिशत अर्थात् नौ जना महिलाले नेतृत्व गर्ने अवसर पाएका छन्।

निजामतीका विभिन्न सेवामध्ये प्रशासन सेवाको विशिष्ट श्रेणीमा देवकुमारी गुरागाईं, लक्ष्मीकुमारी बस्नेत र राधिका अर्याल, प्राविधिक सेवातर्फ प्रमिलादेवी बज्राचार्य र सरिता दवाडी, न्याय सेवातर्फ निर्मला पौडेल, लेखापरीक्षण सेवातर्फ विन्दु विष्ट विशिष्ट श्रेणीमा पुग्नुभएको छ।

विशिष्ट श्रेणीमा मात्र होइन, अन्य तहमा पनि महिलाको संख्या बढ्न थालेको छ। निजामती किताबखानाको तथ्याङ्क अनुसार हाल निजामती सेवामा ८५ हजार ५१२ जना कर्मचारी छन्। तीमध्ये २४ हजार १४३ महिला छन्। यो भनेको २८.२३ प्रतिशत हिस्सा हो। ५५१ सहसचिवमध्ये महिलाको संख्या ४३ अर्थात् आठ प्रतिशत छ। उपसचिवमा ९.५३ प्रतिशत र शाखा अधिकृतमा १७.२४ प्रतिशत महिला छन्। अहिले ७५३ स्थानीय तहमध्ये १४ वटाको प्रमुख प्रशासकीय अधिकृत महिला छन्। ७७ मध्ये आठ वटा जिल्लामा प्रमुख जिल्ला अधिकारी महिला छन्।

निजामती सेवामा पछिल्लो समय महिलाको आकर्षण बढ्न थालेको छ। विगत ११ वर्षमा महिलाको प्रतिनिधित्व १५ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०६७/६८ मा १३.८४ प्रतिशत महिला थिए। किताबखानाको विवरण अनुसार ११ वर्षअघि महिलाको सहभागिता १० हजार ७७३ मात्र थियो। सरकारको नीतिनिर्माण पनि निजामती सेवाको विशिष्ट श्रेणीबाटै हुन्छ। सो तहमा रहेर निर्णायक भूमिका निर्वाह गर्ने महिलाको संख्या बढेसँगै समग्र प्रशासनिक गतिविधि पनि समावेशी, गुणस्तरीय र जनमुखी हुने सङ्केत देखिएको छ। निजामती सेवाको विशिष्ट श्रेणी सरकारको नीति निर्माणको महत्वपूर्ण तह हो। सो तहमा रहेर निर्णायक भूमिका निर्वाह गर्ने महिलाको संख्या बढेसँगै प्रशासनको नेतृत्व महिलामैत्री हुन थालेको छ। यद्यपि निजामती सेवाको उच्च तहमा अर्थपूर्ण र उत्साहजनक सहभागिता बढाउन भने अझै धेरै खुड्किलाहरू पार गर्न बाँकी नै छ।

निजामती सेवा ऐन संशोधन गरेर आरक्षणको व्यवस्था गरिएपछि महिलाको संख्या बढ्न थालेको हो। अन्तरिम संविधान- २०६३ मा रहेको समावेशीको मर्म अनुसार २३ साउन २०६४ मा निजामती सेवा ऐन संशोधन गरेर महिलासँगै आदिवासी, जनजाति, अपाङ्गता भएका, मधेशी, दलित र पिछडिएको क्षेत्रलाई आरक्षणको व्यवस्था गरिएको थियो। निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइ त्यसलाई शतप्रतिशत मानेर महिला ३३ प्रतिशत, आदिवासी र जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित नौ प्रतिशत, अपाङ्गता भएका पाँच प्रतिशत र पिछडिएको क्षेत्र चार प्रतिशतमा उम्मेदवारबिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्थाले महिला सहभागिता बढेको हो।

राज्यको निर्णायक तहमा समान सहभागिताको माग उठिरहेको बेला आरक्षणबाटै भए पनि निजामतीको निर्णायक तहमा महिला सहभागिता बढाउनु पर्नेमा जोड दिइएको छ तर निजामती सेवामा महिलाका लागि गरिएको आरक्षणको व्यवस्थाले सबै तहका महिलालाई समेट्न सकेको छैन। पिछडिएका महिला आरक्षणको उपयोगबाट निजामती सेवामा आउन सकेका छैनन्।

महिला सशक्तीकरणका लागि आरक्षणको व्यवस्था गरे पनि त्यो सम्पन्न महिलामुखी भएको आरोप पनि लाग्ने गरेको छ। विशेष व्यवस्थाको अवधारणा अनुरूप पिछडिएको वर्गलाई उत्थान गराउने विषय भने चुनौतीपूर्ण बन्दै गएको छ। राज्यका विभिन्न निकायको उच्च तहमा पुगेका महिलाको अवस्था हेर्दा महिलालाई आरक्षण मात्र नभई उचित शिक्षासँगै अवसर र क्षमता विकासका तालिम दिनुपर्ने देखिन्छ। निजामती सेवामा आउन चाहने महिलालाई राज्यले उनीहरूको क्षमता पहिचान गरेर सोही अनुरूपका प्रोत्साहन र अवसर दिने नीति अवलम्बन गर्नु पर्छ। संघीय शासन व्यवस्था लागु गरिएको वर्तमान अवस्थामा प्रदेश र स्थानीय तहमा रोजगारीका अवसर बढ्ने सम्भावना रहेकाले महिलालाई विश्वास गरेर उचित अवसर दिनु आवश्यक छ।

# विकृतिको चाङमा सरकारी शिक्षालय



• द्रोण अधिकारी गुयेली

हरेक वर्ष श्रावण महिना माध्यमिक तहअन्तर्गत कक्षा ११ को नयाँ भर्ना अभियानको महत्वपूर्ण महिनाका रूपमा रहने गरेको छ। यस वर्ष कक्षा ११ को नयाँ भर्नाका लागि कात्तिकसम्म निरन्तर समय रहने देखिएको छ। माध्यमिक तह कक्षा १० को २०८० को अन्तिम नतिजा प्रकाशन हुँदा ५२ प्रतिशत विद्यार्थी कक्षा ११ अध्ययनका लागि अयोग्य हुन पुगे । ती सबै विद्यार्थीले साउनमा फेरि मौका परीक्षा दिन पाउने व्यवस्था सरकारले गरिदियो । त्यस परीक्षाको नतिजा भदौको अन्तिमतिर वा असोजको पहिलो हप्ताभित्र प्रकाशन भए दोस्रो भर्ना अभियान असोज–कार्तिकसम्म चल्ने निश्चित छ। तर यो भर्ना अभियान सरकारी होस् या निजी लगानीका विद्यालयले आम्दानीका लागि संख्या थप्ने काम मात्र हुने छ किनकी सिद्धान्तले दिएको निःशुल्क माध्यमिक शिक्षा व्यवहारमा पूर्ण रूपले सशुल्क भइसकेको छ। कसैले निःशुल्क शिक्षा भन्छ भने त्यो शुल्क तिर्न नसक्नेका लागि व्यंग्य हानेको बुझ्नु पर्ने अवस्था आइसकेको छ । निजी त व्यापारका लागि खोलिएका शिक्षालय होलान् त्यहाँ शुल्कको भारी सामान्य मानिएला तर, सरकारी विद्यालयले समेत संविधानले विद्यालय तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेपनि व्यवहारमा शुल्क असुल्नु कुन न्यायको सिद्धान्तमा पर्छ ? पछिल्ला वर्षहरूमा नाम चलेका सरकारी विद्यालयले निजी विद्यालयकै शैलीमा देखिनेगरी नै शुल्क असुल्ने प्रवृत्ति देशभरि फैलिसकेको छ । सरकारको लगानीअनुरूप प्रतिफल दिन असफल भइसकेका सरकारी विद्यालयभित्र व्यवस्थापन समितिको नाममा व्यापारिक गिरोह प्रवेश गरिसकेको छ । त्यस गिरोहले विद्यार्थीबाट मात्र नभएर शिक्षक कर्मचारीबाट पनि आर्थिक लाभ लिने चाँजोपाँजो मिलाउन थालेको छ । आफ्नो विद्यालयका शिक्षकलाई सरकारको नियमविपरित निजी विद्यालय वा कम्पनीमा काम गर्न दिने र त्यसबाट आर्थिक लाभ लिने काम व्यवस्थापन समितिकै सक्रियतामा भइरहेको छ।

नेपालमा संविधानले व्यवस्था गरेकोबाहेक कुनै पनि बहानामा शुल्क लिन नपाइने शिक्षा ऐनले प्रष्ट पारेपनि नाफामुलक निजी लगानीका विद्यालय शैलीमा सरकारी विद्यालयले शुल्क लिनुचाहिँ नालायक राज्य सञ्चालकको गैरजिम्मेवार कर्मकाण्ड भन्नु पर्छ । निःशुल्क शिक्षा नियमावली २०७७ को प्रावधानअनुसार निःशुल्क भन्नाले विद्यार्थीलाई भर्ना हुन आएवापत, शिक्षा दिएवापत, परीक्षा लिएवापत र पाठ्यपुस्तकको नाममा विद्यालयले शुल्क लिन नपाउने प्रावधान छ । स्थानीय सरकारले बनाएको पछिल्लो कार्यविधि अनुसार समाजसेवी, चन्दादाताहरू तथा अभिभावकहरूले दिने सहयोगलाई मात्र लिन पाईने प्रावधान छ । तर यही प्रावधानको दुरूपयोग गर्दै नाम कमाएका सरकारी विद्यालयहरू महँगो शुल्क असुलिरहेका छन् । कहिले अंग्रेजी माध्यमको नाममा, कहिले शिक्षक कोटा नभएको बहानामा त कहिले अनुदान नआएको भन्दै सरकारी विद्यालयले निजी विद्यालयको शैलीमा शुल्क उठाउनु निःशुल्क शिक्षाको अधिकारमाथिको अतिक्रमण भन्नै पर्छ । सरकारले निःशुल्क शिक्षाका लागि भन्दै प्रतिविद्यार्थी प्रतिमहिना ३० हजारबढी लगानी गरिरहेको छ तर, सरकारकै विद्यालयले व्यापारिक शैलीमा माध्यमिक तहमै शुल्क असुलिरहेको दृष्यले नीति, नियम र कानुन कागज मात्र रहेको प्रमाण दिन्छ । यसबेला सरकार छ वा छैन ? लुट मच्चाउनेको संरक्षक हो कि लुटिनेको रक्षक ? प्रश्नको भारी बर्सदा उत्तर कहीँ भेटिदैन ।

वर्तमान संविधानमै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ तर, सरकारी विद्यालयले विद्यार्थीबाट विभिन्न शीर्षकमा चर्को शुल्क असुल गरिरहेका छन् । वर्तमान संविधानले शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ। संघ, प्रदेश र स्थानीय सरकार गरी त्रिपक्षीय संयन्त्र शिक्षाको विकास र संरक्षणमा समान जिम्मेवार मानिएपनि प्रमुख जिम्मेवार स्थानीय सरकार नै रहेको ऐन कानुनले प्रष्ट पार्दछ। तर पालिका सरकारका रूपमा रहेका स्थानीय सरकारकै घरआँगनका अधिकांश सरकारी विद्यालयले विद्यार्थीबाट विभिन्न बहानामा शुल्क असुलिरहेका छन् । विद्यालयहरूले भर्ना शुल्क, मासिक शुल्क, प्रयोगात्मक शुल्क, परीक्षा आवेदन शुल्क, रजिष्ट्रेसन शुल्कको नाममा विद्यार्थीबाट चर्को शुल्क असुल्ने गरेको पाइएको छ । नेपाल सरकारले सरकारी विद्यालयमा निःशुल्क शिक्षाको व्यवस्था गरिएको प्रावधानविपरित अधिकांश विद्यालयहरूले विभिन्न बहानामा अभिभावकबाट पैसा असुल्ने प्रवृत्ति बढ्दो छ। कहीँ अंग्रेजी माध्यमबाट पढाउने भनेर, कहीँ निजी स्रोतका शिक्षक पाल्ने बहाना बनाएर, कहीँ शिक्षक दरबन्दी कम भएको भन्दै निजी व्यापारिक प्रतिष्ठान शैलीमा शुल्क असुलिरहेका छन्। अधिकांश विद्यालयले कक्षा ६ देखि १२ सम्म विभिन्न बहानामा मासिक शुल्क उठाउने गरेको पाइएको छ । कम्तीमा ५ सयदेखि ४ हजारसम्म मासिक शुल्क विद्यालयहरूले लिने गरेको अभिभावकहरूको गुनासो भएपनि सरकारी संयन्त्र बेखवर बस्ने गर्दा सरकारी विद्यालय चंखे चतुरेको कमाइखाने गतिलो भाँडो सावित हुँदै गइरहेका छन्। स्थानीय सरकारले समेत शिक्षा सुधारका नाममा विद्यालयमा लगानी गरिरहेका छन् । तर, त्यो लगानी विपन्नका छोराछोरीले माध्यमिक तहसम्म सहजै शिक्षा आर्जन गर्ने अवसर बनेको अवस्था छैन । यहाँ निःशुल्क शिक्षाको भावनामाथि निर्मम प्रहार भइरहेको छ। जसका कारण दिन प्रतिदिन विपन्न, पिछडिएका र गरिब परिवारका छोराछोरीहरू पढ्ने ट्याग लागेका सरकारी विद्यालयमा समेत उनीहरूको प्रवेश असंभव बन्ने अवस्था निर्माण हुँदैछ । चर्को शुल्क असुल्न थालेसँगै गरिबका छोराछोरी विद्यालयमा पढ्नै नसक्ने अवस्था आएको अभिभावकहरू दुःख पोख्छन्। केही शीर्षकमा शुल्कहरू विद्यार्थीबाट संकलन गरेर नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था भए पनि निजी स्रोतका शिक्षक र कर्मचारी व्यवस्थापनका लागि भन्दै चर्को मासिक शुल्क उठाइरहेका सरकारी विद्यालयहरूले निजी व्यापारिक विद्यालयलाई बिर्सन बाध्य बनाइरहेका छन् । पछिल्लो समय घट्दो विद्यार्थी चाप रोक्न सरकारी विद्यालयले उच्च शिक्षामा छात्रवृत्ति, सरकारी सेवामा आरक्षणलगायत भ्रमको खेती सिर्जना गरेर कमिशनखोरको माध्यमबाट शुल्क असुलीको सहज मार्ग निर्माण गरिरहेका छन् । सरकारले निःशुल्क शिक्षाको अधिकार सुरक्षित गर्ने हो भने सरकारी विद्यालयलाई व्यापारिक बाटोबाट चटक्कै हटाउनु पर्दछ । निजी लगानीका विद्यालयहरूलाई समेत नाफामुखी व्यापारिक केन्द्र बन्नबाट रोक्नु पर्दछ । तीन तहकै सरकार जिम्मेवारीबाट भाग्नु हुँदैन ।

माध्यमिक तहसम्मको निःशुल्क शिक्षामा सवै बालबालिकाले समान अधिकार प्राप्त गर्ने वातावरण बनिनु पर्छ । शिक्षा निजी वा सरकारी हुँदैन। माध्यम भिन्न भएपनि शिक्षाको उद्देश्य एउटै हो । सिद्धान्तमा सीमित निःशुल्क माध्यमिक तहसम्मको शिक्षा अब व्यवहारमा लागु हुनै पर्छ। सरकारी विद्यालयले नै शुल्क असुलेपछि निजी विद्यालयलाई चर्को शुल्क असुल्न कुनै बाधा आउने छैन। सरकारले आफैंले बनाएको नीति नियम आफैं कार्यान्वयन गर्न सक्दैन भने त्यहाँ सरकारको किन आवश्यकता पर्ला र ? संविधानको भावनाअनुसार शिक्षा व्यापारको माध्यम बन्नु हुँदैन तर, वर्तमान शिक्षा नियमावलीविपरित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले आफ्ना मातहतका शिक्षकलाई निजी क्षेत्रमका विद्यालयमा काम गर्न दिएर उनीहरूबाट केही न केही आर्थिक लाभ लिइरहेका छन् । पालिका सरकारका शिक्षा शाखा, जिल्ला हेर्ने शिक्षा विकास समन्वय इकाई कार्यालयले समेत मौनता साँधेर सरकारी विद्यालय बदनाम तथा कमजोर बन्न टेवा दिइरहेका छन् । २०७२ सालको संविधान जारी हुनुपूर्व उच्च मावि शिक्षक नियुक्ति भएका अधिकांश शिक्षक सरकारी विद्यालयमा तलव खाने र निजी विद्यालयमा जागिर खाने काम अहिलेसम्म निरन्तर छ । वर्तमान ऐन कानुनले कक्षा १२ सम्म माध्यमिक तह कायम भएपनि त्यसबेला उच्च माविको नियुक्ति लिएका अधिकांश शिक्षक सामुदायिक माध्यमिक विद्यालयमा पठनपाठन गर्नुभन्दा संस्थागत वा निजी विद्यालयतिर बढी समय दिइरहेका उदाहरण प्रशस्तै छन्। त्यसरी नियुक्ति लिएका अधिकांश शिक्षक सरकारी विद्यालयमा आंशिक र निजी विद्यालयमा पूर्णकालीन काम गरिरहेका दृष्यहरु प्रष्ट देखिरहेको अवस्था छ । वर्तमान शिक्षा नियमावलीविपरित सरकारी दरबन्दीका शिक्षक निजी विद्यालयमा खुल्लमखुल्ला काम गरिरहँदा पनि सरकारी नियामक देखेको नदेखेझैं गरिरहेको छ। तिनै शिक्षक पाल्न भनेर सरकारी विद्यालयहरू विद्यार्थीबाट शुल्क असुलिरहेको दृष्यले सरकारलाई गिज्याइरहेको छ । शिक्षा क्षेत्रका जल्दाबल्दा विकृति अन्त्य गर्न स्थानीय सरकारले सरोकारवालासित छलफल गरी नियमावली पनि तयार पारेका छन्। तर, नियमावली कार्यान्वयन गर्न नसकेकै कारण निःशुल्क माध्यमिक शिक्षा कागजमा सीमित भइरहेको छ। यसले सरकारी शिक्षालय चरम व्यापारीकरणको जालमा फसेको बुझ्न सकिन्छ। काम गर्ने जिम्मा लिएकादेखि नियमन गर्ने अधिकार पाएकासम्म शुल्क लिने होडमा एक हुनु निःशुल्क माध्यमिक शिक्षाको भावनाविपरित पश्चगामी बन्नु हो । विशेषगरी शहरी तथा घनाबस्ती भएका क्षेत्रका सरकारी शिक्षक निजी क्षेत्रमा बढी जिम्मेवार बन्दै काम गरिरहँदा त्यहाँका सरोकारवाला मौन बस्नु रहस्यमय छ।

# परियार सेवा समाज झापाको सम्मेलनको तयारी

झापा(प्रस) । परियार सेवा समाज झापाको जिल्ला सम्मेलन आगामी भदौ १ गते हुने भएको छ । समाजको दोस्रो जिल्ला अधिवेशन आयोजक समितिको मंगलवार बिर्तामोडमा सम्पन्न भेलाले उक्त निर्णय गरेको जिल्ला सचिव वीरबहादुर दर्नालले जानकारी दिए ।

समाजका अध्यक्ष भोला परियारको अध्यक्षता र केन्द्रीय सदस्य तथा प्रचार बिभाग प्रमुख हस्त परियारको प्रमुख आतिथ्यमा उक्त भेला सम्पन्न भएको हो । भेलाले झापाका पाँचवटै निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी जिल्ला सम्मेलन आयोजक समिति चयन गरेको सदस्य कृष्ण





कनालले बताए । उपस्थित भेलामा समाजका केन्द्रीय सदस्य नीरु परियार , अग्रज टिकाराम शिवा , कृष्ण कनाल , ध्रुव कनाल , रिता शिवा ठटाल , सावित्रा वर्देवा , चन्द्रा कार्की ढोली , रुद्र बागदास , धनकुमार नेपाली , राजकुमार शिवा , भुपाल परियार , चन्द्रा शिवा , गोमा शिवा , पुष्कर शिवालगायतको उपस्थिति रहेको थियो ।

कनकाई नगरपालिका वडा नम्बर १ स्थित दलित सामुदायिक भवनमा आयोजना गरिने जिल्ला सम्मेलन सम्पन्न गर्न जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी कार्यसमितिबाहेक थप ५० जनाको जिल्ला भेला आयोजक समिति चयन गरिएको अध्यक्ष परियारले जानकारी दिए। जसअनुसार निर्वाचन क्षेत्र नं १ बाट कृष्ण कनाल , ध्रुव कनाल , पोषक मोते , द्रोण बागदास , रीता शिवा ठटाल , हिरा परियार , नरेश मोहोरा रहेका छन् । त्यस्तै २ बाट राजकुमार बर्देवा , धनकुमार नेपाली , भुपाल परियार , रुद्र बागदास , सीता शिवा , महेन्द्र दास , बिनोद कार्की ढोली , संगीता शिवा , लक्ष्मी मोते , भावना परियार , दिलमाया दास , रमेश त्रीखत्री , रीता नेपाली , नारायण दर्जी , नरेन्द्र दर्नाल , टिकाराम शिवा , सुरज पाँचकोटी , राजु शिवा , ईन्द्र परियार छन् ।

यस्तै क्षेत्र नम्बर ३ बाट कृष्ण अनमोल सुन्दास , सुरजभक्त परियार , प्रशंसा परियार र निर्मल ठटाल रहेका छन् ।

यसरी नै क्षेत्र नम्बर ४ बाट साबित्रा बर्देवा , जितबहादुर ठटाल , जुनु मोहरा , तारा दर्नाल ( क ) , तारा दर्नाल ( ख ) , खगेन्द्र बर्देवा , अन्जु भित्रीकोटी , ओम ठटाल , देवेन्द्र दर्नाल , आर्यन भित्रीकोटी र कविता शिवा छन् ।

यस्तै निर्वाचन क्षेत्र ५ बाट हुकुमसिंह नेपाली , मानबहादुर बर्देवा , हरि पोखरेल , जीवन दर्नाल , भूमिका मोहोरा , सरु परियार , श्याम मोहोरा , अशोक बर्देवा र उमेश रनपहेंली चयन भएको केन्द्रीय सदस्य नीरु परियारले बताइन् ।

जिल्ला भेला सम्मेलन आयोजक समितिले जिल्ला भेला , केन्द्रीय तथा प्रदेश समिति प्रतिनिधि चयन , सदस्यता विस्तार तथा कार्यक्रम हल ब्यवस्थापन उपसमिति चयन गर्ने निर्णय गरेको रीता शिवा ठटालले जानकारी दिइन् ।

समाजको आगामी भदौ १५ गते काठमाडौमा हुने पाँचौं केन्द्रीय सम्मेलनमा झापाबाट सशक्त सहभागिता गराउने उद्धेश्य लिइएको छ ।

# ‘बुलाकी’ मा जारीको कथा

झापा(प्रस) ।कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा विद्यमान जारी प्रथाको मूल कथावस्तुमा निर्माण गरिएको ‘बुलाकी’ को प्रवर्धन भिडियो सार्वजनिक गरिएको छ। बुलाकीको प्रवर्धन भिडियो सार्वजनिक कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले ‘कर्णाली विकट नभई विराट’ रहेको बताए ।



उपसभापति खड्काले भने, “कर्णाली सभ्यता, स्रोतसाधनले भरिपूर्ण छ । स्रोतसाधनको उपयोग गरेर देशलाई सम्पन्न बनाउनु पर्छ ।”

लक्ष्मण सुनार निर्देशित चलचित्रमा सुरक्षा पन्त, नरेन खड्का, विराज विष्ट, सरस्वती खत्री, लक्ष्मी गिरी, सुशील पोखरेल, रमेश बुढाथोकी, कुलदीप अधिकारी, झलनाथ खत्री, उपासना नेम्वाङ, लक्ष्मण देवकोटा, विनयराज पौडेल, सोनु सेढाईंलगायतको अभिनय छ। चलचित्रमा शिव ढकालको छायाङ्कन रहेको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष**: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ।
- **वृष**: रोजगारको अवसर मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।
- **मिथुन**: छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।
- **कर्कट**: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
- **सिंह**: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।
- **कन्या**: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
- **तुला**: आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।
- **वृश्चिक**: आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।
- **धनु**: आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।
- **मकर**: मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।
- **कुम्भ**: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।
- **मिन**: दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ।